
स्थानीय चुनावलाई दलीय नबनाऔं ।
आउनुहोस् 'अटेर गरौं' !



## गनेस पौडेल

मेयर पदका स्वतन्त्र उम्मेद्‌वार
पोखरा महानगरपालिका



### नविन थापा

खुल्ला वडा सदस्य पदका
स्वतन्त्र उम्मेद्‌वार
पोखरा मनपा वडा नं.२५



### नविन त्रिपाठी

खुल्ला वडा सदस्य पदका
स्वतन्त्र उम्मेद्‌वार
पोखरा मनपा वडा नं.२५

# पोखरा म.न.पा. वडा नं. २५ को
# विकासका लागि
# सोमनाथको प्रतिबद्धता




## सोमनाथ अधिकारी

वडा अध्यक्ष पदका स्वतन्त्र उम्मेद्‌वार
पोखरा म.न.पा. वडा नं. २५

बा आमाले टेकाउन मिल्ने ॥
युवालाई बाटो देखाउन मिल्ने ।
भ्रष्टाचारीलाई सेकाउन मिल्ने ।।।

## चुनाव चिह्न
# लौरो



"लौरो" चिह्नमा छाप लगाई अत्यधिक
मतले विजयी गराऔं ।

# अटेरी अभियान

## पोखरा महानगर पालिका, वडा नं. २५ को

# वडा लक्ष्य २०७९

## (कार्ययोजना पत्र)

**पोखरा महानगरपालिका वडा नं. २५ निबासी**

**आदरणीय मतदाता साथीहरु !**

राजनीति दल र तिनका उम्मेदवारलाई हेरी सक्यौँ, देखीसक्यौ । अझै पनि उही चुनाव चिन्ह दोहोऱ्याइयो भने नतिजा फरक हैन उही आउने छ । त्यसैले अब चुनिने उम्मेदवार आफ्नो पार्टीको लागि मात्र होइन, पुरै वडाबासीको लागि हुन जरूरी छ । निर्वाचनमा जारी हुने घोषणापत्र पार्टीको मात्र घोषणपत्र होइन, वडा बासीको योजना पत्र हुन जरूरी छ ।

यो घोषणापत्र होइन, कार्ययोजना पत्र हो । हिजोसम्म कृषि क्षेत्र भनेर चिनिने हाम्रो वडा अहिले योजनाविहिन प्लटिङको कारणले कृषियोग्य जमिन मासिदै गएको छ । साँस्कृतिक सम्पदाहरू समस्यामा छन् । सार्वजनिक जग्गाहरु अतिक्रमित छन् । सामुदायिक विद्यालयको गुणस्तर दिनदिनै खस्किँदो छ । बस्ती बढ्दो छ, तर बाटोको गुणस्तर जस्ताको जस्तै छ । सिंचाई र नहरहरू नालामा परिणत भएका छन् ।

योजनाविहिन विकास विकास होइन विनास हो । विकासको योजनालाई जनअनुमोदन गर्न सकिएन भने, जनभावना अनुसारले कार्यान्वयनमा लैजान सकिएन भने त्यसमाथिको नागरिक अपनत्वभाव हुँदैन ।

दीगो विकासको लक्ष्य प्राप्ति गर्न अटेरी अभियान, पोखराले जारी गरेको 'पोखरा लक्ष्य २०७९ : कार्ययोजना पत्र' प्रति पूर्ण वफादार रहँदै हामीले पोखरामहानगर पालिका वडा नं. २५, को विकासका लागि निम्नानुसारका कार्ययोजना पुरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

**कार्ययोजनाका बुँदाहरु :**

१ महानगर पालिकाबाट जारी मेरो पोखरा' मोबाइल एप्लिकेसनको माध्यमबाट सम्पूर्ण महानगरीय सेवा तथा सुविधा कागजविहीन रूपमा घरमै बसीबसी प्राप्त गर्न सकिने व्यवस्था गरिनेछ । जनताले चाहेको समयमा घरमै पुग्ने गरी 'सेवाको

होम डेलिभरी' कार्यक्रम ल्याइने छ । प्रत्येक महिना वडाको आम्दानी तथा खर्चको विवरण महानगरीय मोबाइल एप्लिकेशन मार्फत सार्वजनिक गरिने छ भने वडाको सूचना पाटीमा पनि टाँस गरिने छ । वडाभित्रका हरेक विकास निर्माणका कामलाई पारदर्शी बनाइनेछ ।

२ 'पोखरा लक्ष्य २०७९ : कार्ययोजना पत्र' अनुसार वडाभित्रका सबै सामुदायिक विद्यालयहरूको सवलिकरण एवम् स्तरोन्नती गरिने छ । सामुदायिक विद्यालयलाई प्रतिस्पर्धी र गुणस्तरीय बनाउन कार्यक्रम ल्याइने छ ।

३ वडाभित्र सञ्चालित सबै खाले निजी शैक्षिक संस्थाले गरिब तथा जेहेन्दार विद्यार्थीलाई केन्द्रित गरी १० प्रतिशत छात्रवृत्ति अनिवार्य रूपमा दिनै पर्ने व्यवस्था गरिने छ । यस्तो छात्रवृत्ति पाउने विद्यार्थीको सूची टोल विकास समितिले सिफारिस गरेबमोजिम वडा स्तरीय शिक्षा समितिले निर्क्योल गर्ने छ ।

४ भौगोलिक हिसाबले समस्त वडा बासीको पहुच पुग्ने गरी दरबन्दी सहितको दुईवटा पुस्तकालय निर्माण एवम सञ्चालन गरिने छ ।

५ वडा स्तरीय "छात्रवृत्ति कोष" निर्माण गरी गरिब तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि निर्ब्याजे शैक्षिक ऋण तथा छात्रवृत्ति प्रदान गरिने छ ।

६ महानगर समुदाय साझेदारी अन्तर्गत सञ्चालन हुने गरी वडाका विभिन्न ५ स्थानमा मन्टेश्वरी गुणस्तरका सर्वसुलभ शिशु स्याहर केन्द्र स्थापना गरिने छ । टोल विकास समितिहरूसँगको समन्वयमा सबैको पायक पर्ने स्थान निर्क्योल गरी कम्तिमा ४ वटा सुविधासम्पन्न 'जेष्ठ नागरिक मिलन केन्द्र' स्थापना गरिने छ ।

७ महानगरसँग समन्वय गरी १ सहरी स्वस्थ्य केन्द्र थप गरी दुबै स्वस्थ्य केन्द्रमा दक्ष स्वास्थ्यकर्मीको टोलीबाट निःशुल्क स्वास्थ्य जाँच हुने व्यवस्था गरिने छ । स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे सहित आधारभूत स्वास्थ्यजाँच हुने प्रयोगशालाको व्यवस्था हुने छ । स्वाथ्य केन्द्रमा महिलालाई निःशुल्क स्यानेटरी प्याडको व्यवस्था गरिने छ । वडाको मातहत रहने गरी २४ सैं घण्टा एम्बुलेन्स सञ्चालन गर्नका लागि आवश्यक पूर्वधार एवम् जनशक्ति नियुक्त गरिने छ ।

८ खुल्ला व्यायाम क्षेत्रलाई विस्तारित र थप प्रभावकारी बनाइने छ । यसको लागि थप उपकरणको व्यवस्था गरिनुका साथै भएको उपकरणको मर्मत संभार गरिनेछ । सार्वजनिक चौरहरूको स्तरोन्नति गरी खेलुकुद गतिविधिलाई बढावा दिइने छ । विभिन्न स्थानमा व्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल, भलिबल आदि खेलकुदका पूर्वाधारहरु निर्माण गरिने छन् । खेलकुदको विकास र प्रतियोगिताको संचालनका लागि यहाँका युवा क्लवहरूलाई बार्षिक १० लाख वजेट विनियोजन गरिने छ ।

९ वडाभित्रका सहकारीहरू परिचालन गरी युवा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरिने छन् । त्यसकालागि सिपमूलक तालिम दिइने छन् । वडा मातहत अनुदान डेस्क बनाई सबै खाले सहुलियत ऋण तथा अनुदान प्राप्त गर्न सहयोग गरिने छ भने कुनै पनि व्यवसाय दर्ता तथा खारेजीमा सहजिकरण गरिने छ ।

१० साँस्कृतिक र सामाजिक सम्पदाको जगेर्ना गर्ने हेतुले वडास्थित टोल विकास समितिलाई परिचालन गरी लोक गीत, दोहोरी, भजन चुट्का, रत्यौली, असारे गीत, देउसी भैलो जस्ता प्रतियोगिताको आयोजना गरिने छ । यसको खर्च व्यवस्थापनका लागि विभिन्न मन्त्रालय तथा पर्यटन वोर्डसँग आवश्यक समन्वय गरिने छ ।

११ वडाभित्रका सम्पूर्ण सडकलाई दुई वर्ष भित्रमा स्तरोन्नती गरी पक्की सडक निर्माण गरिने छ । मुख्य सडकका चोकहरूमा आकाशे पुलको निर्माण गरिने छ । वडाका अन्य मुख्य चोक, विद्यालय आसपासका क्षेत्रमा पनि सडक दूर्घटना न्यूनिकरणका कार्यक्रमहरू ल्याईनेछ । वडाका प्रमुख चोकहरू, गल्ली र मार्गहरूमा प्रत्येक २०० मिटरको फरकमा सिसिटिभी क्यामेराको जडान गरिने छ । यसले वडाको सुरक्षामा टेवा दिने छ । वडाको मुख्य सडकहरूमा सोलार बत्ती एवम अन्य सडकहरूमा सदाबाहार बत्तीको व्यवस्था गरिने छ ।

१२ राजमार्ग तथा मुख्य सडकमा साइकल रूट निर्धारण गरिने छ । वडा स्थित सबै मुख्य सडकमा नगर बस सञ्चालन हुने व्यवस्था गरिने छ । अटेरी अभियानको महानगरीय कार्ययोजना अनुसार बेलुकी ८ बजे सम्म नगर बस सञ्चालन हुने सुनिश्चितता गरिने छ ।

१३ खेतीपाती, पशु-पंक्षीपालन आदिलाई प्रोत्साहन गर्न तिनको व्यावसायिकरण एवम् आधुनिकरणका कार्यक्रम ल्याइने छ । नियमित कृषि तालिम दिइने छ भने रसायनिक मल, उन्नत बिऊ विजन एवं आधुनिक उपकरण खरिदमा पाइने सबैखाले अनुदान लिन सहज होस् भन्ने हेतुले वडा कार्यालयमा 'कृषक डेस्क'को स्थापना गरिने छ । निजी क्षेत्र तथा सहकारीहरूको समन्वयमा कृषी प्रयोगशाला सहितको दुग्ध प्रसोधन एवं वितरण केन्द्र र शीतभण्डारको स्थापना गरिनेछ । टोल विकास संस्थाहरूसँगको समन्वयमा स्थानीय उत्पादन र व्यापारलाई प्रवर्धन गर्न कर छुट युक्त साप्ताहिक हाटबजारको सञ्चालन गरिने छ ।

१४ वडाभित्र रहेका पोखरी, चौतारा, मठमन्दिर, पाटीपौवा, एवम् अन्य साँस्कृतिक सम्पदाका संरक्षण तथा सम्बर्धन गरिने छ । कला, संस्कृति, साहित्य, संगीत तथा परम्परागत ज्ञान तथा सीप विकास र तिनको र हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१५ भलबाढी, पहिरो नियन्त्रणमा विशेष कार्ययोजना ल्याइने छ । नहर तथा कुलाहरूको व्यवस्थापन तथा मर्मतसम्भार गरिने छ । बर्सेनी बाढीको समस्याले ग्रसित बस्तीलाई सुरक्षित राख्न दीर्घकालीन समाधानको विकल्प खोजिने छ । नदी तटीय क्षेत्रको संरक्षणका निम्ति नदी, खोला तथा खहरेहरूमा सुरक्षित तटबन्ध लगाइने छ ।

१६ खुल्ला तथा सार्वजनिक जग्गामा बृक्षारोपण गरी हाम्रो वडालाई हरित क्षेत्र घोषणा गरिने छ । प्रत्येक सडकका किनारमा सडक बगैंचा निर्माण गर्ने कार्यक्रम ल्याईनेछ । नदीतटीय क्षेत्रलाई सहरी वनमा रूपान्तरण गरी पर्यटकीय क्षेत्रका रूपमा विकसित गरिनेछ । कुनै पनि सार्वजनिक वृक्षारोपण गर्दा कम्तिमा ४० प्रतिशत रैथाने जातका बिरूवा लगाउनु पर्ने वाध्यात्मक नियम बसालिने छ ।

१७ झै-झगडा मुक्त नैतिकवान समाज बनाउन विशेष कार्यक्रम लागू गरिने छ । लागू औषधको प्रयोग तथा अन्य दुर्व्यसनलाई नियन्त्रण गर्न  टोल विकास समितिहरु परिचालन गरी नतिजामुखी काम गरिने छ । डिपार्टमेन्ट स्टोर्स, किराना पसल, रेस्टुरेन्ट आदिबाट सूर्ती चुरोट गुड्का आदिजस्ता पदार्थ बिक्री गर्न पूर्णतया रोक लगाइने छ । यस्ता सामग्री बिक्री गर्न छुट्टै प्रकृतिको सूर्ती पसल (टोबाको सप) खोल्न दिइने छ ।

१८ वडा  भित्र रहेका किरियापुत्री भवनमा आवासीय सुविधा थप गरिने छ । मुख्य घाटहरूमा आधुनिक शव दहनशाला बनाइने छ ।

१९ सरसफाई, सामाजिक उत्तरदायित्व साँस्कृतिक तथा परम्परागत ज्ञान, सिप तथा कलाको हस्तान्तरण, टोलको सौन्दर्यीकरण आदिको मूल्याङ्कनको आधारमा वार्षिक रूपमा अन्तरगत टोल विकास संस्था प्रतिस्पर्धा गरी उत्कृष्ट टोललाई आफैले रोजेको क्षेत्रमा विकास गर्न पाउने गरी रू ५० लाख विनियोजन गरिने छ ।

२० उपभोक्ता समिति तथा सामाजिक संस्थाहरूमा हुने राजनितिक भागवण्डा अन्त्य गरी स्वतन्त्र व्यक्तिहरूको मनोनयन गरिने परम्पराको थालनी छ ।

२१ हेम्जालाई पर्यटकीय गन्तव्य गाउँको रूपमा विकसित गर्न होमस्टे, होटल, लज, रेस्टुरेन्ट लगायत अन्य पर्यटकीय गतिविधि तथा व्यवसाय सञ्चालनका लागि अनुदान तथा विशेष कर छुट दिइने छ ।

२२ हेम्जास्थित तिब्बती शरणार्थी क्याम्प विदेशी पर्यटकको लागि गन्तव्यस्थल रहँदै आएको छ । क्याम्ससँगको सामुदायिक सम्बन्धलाई बृद्धि गरी पर्यटकीय गतिविधिलाई वडाव्यापि बनाउन पहल गरिने छ ।

२३ वडाको कुनै सार्वजनिक स्थानमा सार्वजनिक पुस्तकालय तथा सार्वजनिक

शौचालयको व्यवस्था गरिनेछ ।

२४ जनमानसमा सेवा लिने वडा वासीहरूको हितका लागि वडाभित्र फ्रि वाइफाइको व्यवस्था गरिनेछ । साथै सुत्केरी भएको महिलालाई शिशु तथा सुत्केरी स्याहारका लागि रू.५०००/- को प्रदान गरिनेछ ।

२५ वडालाई सुन्दर बनाउनका लागि वडाभित्र रहेको फोहोरमैलाको उचित व्यवस्थापन गरी स्वच्छ र सुन्दर वडाका लागि अभियान चलाइनेछ । साथै कृषिक्षेत्रमा अगाडि बढेको हाम्रो वडाका लागि तरकारी भण्डारण गर्ने कोल्डस्टोरको व्यवस्था गरिनेछ।

२६ महानगरसँग समन्वय गरी विद्यार्थी महिला र अपाङ्गलगायतका व्यक्तिहरूलाई निशुल्क यातायात कार्ड बनाउने व्यवस्था गरिनेछ ।

२७ वडामा हुने पर्यटकीय, कृषि तथा खेलकुदका गतिविधि (जस्तै आलु महोत्सव, खेलकुद प्रतियोगिता आदि) को अभिभावकत्व लिई त्यसको सम्बर्धनमा विशेष पहल गरिने छ । कृषियोग्य जमिनमा सिंचाइको व्यवस्थापन गरिनेछ । साथै उत्कृष्ट कृषकलाई वार्षिकरूपमा सम्मानित गरिनेछ ।

२८ ऐतिहासिक महत्व बोकेको चौरासी नगरलाई सम्पदा नगरको रूपमा घोषणा गरी यसको पर्यटकीय महत्वलाई सम्बर्धन गरिने छ । साथै सामुदायिक वन जङ्गलहरूको संरक्षण र प्रबर्द्धनमा विशेष ध्यान पुऱ्याइनेछ ।

२९ प्रविधि तथा सञ्चार मनोरञ्जनको उचित व्यवस्थापन गरिनेछ ।

३० वडाका सबै घरमा खानेपानीको पाइप पुगेको ग्यारेन्टी गरिने छ । यहाँका खानेपानीका मुहान, मुल तथा कुवाहरूलाई प्राकृतिक र साँस्कृति सम्पदाको रूपमा संरक्षर र संवर्धन गरिने छ ।

३१ अटेरी अभियानको घोषणापत्र 'पोखरा लक्ष्य २०७९: कार्ययोजना पत्र'को अवधारणा अनुसारको जीवित कृषि संग्रहालय को स्थापना गरिने छ । रैथाने बिऊ बिजन तथा परम्परागत प्रविधिको प्रयोग गरी, असारे १५, हरेलो हाल्ने, न्वाईँ खाने, दाइँ राख्ने जस्ता कृषि संस्कृतिको सम्पूर्ण अभ्यास हुने गरी हेमजाको कुनै एक कृषि पकड क्षेत्रलाई जीवित कृषि संग्रहालयको रूपमा विकास गरिने छ ।

## आदरणीय मतदाता साथीहरू,

कृषि संस्कृतिको मधुरम गाउँ, पोखराबाट हिमाली क्षेत्रमा साहसिक पदयात्रा निस्कने जो कोहीको विदाईमा बस्ने पोखरेलीको शिरान, मर्दी, याम्दी र सेती नदीको सेरोफेरोमा झिझिर्काको डाडाकाँडा, बनजङ्गल हरियालीसँग रमझम गरिरहेको माझभट्टी, सुईंखेत हुँदै तल याम्दीसम्म गहना फिँजारिएको हाम्रो रमणीय गाउँ हेम्जा अहिले आधुनिकरण र अव्यवस्थित सहरिकरणको चपेटामा परेर बिस्तारै कुरूप हुँदै

गैरहेको छ । एक मन मुटु भएर एकतामा गाँसिएको हाम्रो पुरानो गाँउले जीवन बिस्तारै विभाजित हुँदै गैरहेको छ ।

स्थानीय तह समुदायको सबैभन्दा सानो एकाई हो । यो एकाई कुनै राजनीतिक वाद, विचार वा आस्थाको आधारमा विभाजित हुनु हुँदैन । स्वतन्त्र रूपमा निर्वाचित जनप्रतिनिधिले मात्रै समुदायको साझा नेतृत्व लिन सक्छन् । सामाजिक सम्पदाको समानुपातिक विकास गर्न सक्छन् । यसकै कारणले संसारका धेरै उन्नत लोकतन्त्रमा स्थानीय तहको निर्वाचनमा दलीय प्रतिस्पर्धा हुँदैन ।

अटेरी अभियानको मुख्य उद्देश्य भनेकै सामाजिक एकताको अभ्यास गर्नु हो । सामाजिक एकता बिना नागरिकको अवस्था परिवर्तन गर्न सम्भव छैन । गरिबि, अविकास, वेरोजगारी, अशिक्षा, अभाव, रोग-भोक र शोकबाट उन्मुक्ति पाउनु सम्भव छैन । यस पटक पनि दलभन्दा माथि उठेर, राजनीतिक विचारभन्दा माथि उठेर निर्णय लिन सकेनौँ भने अर्को ५ बर्षसम्म हाम्रो हालत उस्तै हुनेछ ।

फेरि पनि उस्तै जिन्दगी बाँच्ने कि परिवर्तनको खाका कोर्ने ? फेरि पनि आपसमा बाझिएर दलीय स्वार्थको खेलमा स्थानीय मुद्दाहरूलाई अनिर्णित बनाएर छोड्ने कि त्यसको दीर्घकालीन समाधान खोज्ने ? फेरि पनि उही शिक्षा, उस्तै स्वास्थ्य, उस्तै अव्यवस्था, उस्तै कुशासनको भोगी हुने कि फरक नजितालाई स्विकार्न साहस देखाउने ? जिम्मा अब तपाईँ आम मतदाताको हो ।

हामीले हाम्रो तर्फबाट उम्मेदवारी दिएर सामाजिक जिम्मेवारी पुरा गरेका छौँ । अब जिम्मेवारी लिने जिम्मा तपाईँको !

आउनुस् केही त गरौँ ! अति भो 'अटेर' गरौँ !
सबैको जय होस् !

# सोमनाथ अधिकारी

**अध्यक्ष पदको अटेरी उम्मेदवार**

**तथा वडा सदस्यका उम्मेदवारहरू:**

## नवीन त्रिपाठी, नवीन थापा

**पोखरा महानगर पालिका - २५**

**सिधा सम्पर्कः ९८५६०४८१२०, ९८५६०२८१२०, ९८५६०८५०५०, ९८६३७९६०७२**

*अभियानका बारे थप जानकारीका लागि*

*स्क्यान गर्नुहोस् ।*

# **आउनुहोस्** केही त गरौं !

# अति भो **अटेर गरौं** !

---

## अटेरी अभियान


**सम्पर्क कार्यालयः पोखरा- ८, नयाँबजार**

**सम्पर्क नं.: ९८५६०३१६४७, ९८५६०३१०१८, ९८५६०८३५८७**

www.ateriabhiyan.com AteriCampaign